# संघीय संसद
# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति

(सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन)

**बैठक संख्या- ४५**

मिति २०७६/११/३०

## निर्णयहरू

१. मिति २०७६/०४/०५ मा गठित नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धी अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन पेश गरियो र सो सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो,

२. नेपाल सरकारले सेक्यूरिटी प्रेस स्थापनाका लागि सरकार र सरकार (G to G) मार्फत अघि बढाएको खरिद कार्य रद्द गरी आवश्यक भए खुला प्रतिस्पर्धा गराई खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने,

३. नेपालमा सेक्यूरिटी प्रेस स्थापनाका सम्बन्धमा तत्कालीन सूचना तथा सञ्चार प्रविधि मन्त्रीबाट अख्तियारको दुरुपयोग भएको भनी सञ्चार माध्यममा अडियो टेप प्रशारण भएको र सम्बन्धित मन्त्रीले राजीनामा दिएको अवस्थामा आवश्यक छानबिन प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने,

४. सरकारले अघि बढाएको सेक्युरिटी प्रेस स्थापना कार्यका लागि लागत अनुमान, परियोजना प्रस्ताव मूल्यांकन लगायतका कार्यमा संलग्न पदाधिकारीहरुका सम्बन्धमा कागजात माग गरी थप अध्ययन र छलफल गर्ने,

५. सरकार र सरकार (G to G) प्रक्रियाबाट वस्तु तथा सेवा खरिद गर्दा अपनाउनु पर्ने नीति र प्रक्रियाको सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायका पदाधिकारी, सार्वजनिक खरिद अनुगमन कार्यालयका पदाधिकारी लगायत सम्बन्धित सरोकारवालाहरुसंग छलफल गर्ने ।